# प्रधान न्यायधीशको नेतृत्वमा चुनावी सरकारको संभावना

तिलक पाठक /भुवन केसी

प्रकाशित मिति:२०६९ फागुन १८

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले वहालवाला प्रधान न्यायधीशको नेतृत्वमा सरकार गठनको प्रस्ताव ल्याएपछि यो महिनाभरी त्यही प्रस्तावको पक्ष/विपक्षमा वहस भइराख्यो । माघ २० गते हेटौडामा शुरु भएको पार्टीको सातौं महाधिवेशन उद्घाटन गर्दै दाहालले महाधिवेशनले राजनीतिक निकासको नयाँ फर्मुला ल्याउने बताए । त्यस्तो फर्मुला सबैलाई मान्य हुने बताएपनि दाहालले त्यसलाई प्रष्ट पारेनन् । तर, माघ २५ मा महाधिवेशन हलमा नै प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्ने प्रस्ताव अघि सारे । महाधिवेशनमा प्रस्तुत यो प्रस्तावलाई बन्दसत्रबाट पारित पनि गरियो ।

दाहालले वहालवाला प्रधान न्यायधीशको नेतृत्वको प्रस्ताव अघि सार्ने वित्तिकै यसको पक्ष र विपक्षमा वहस सुरू भयो । कानुनविद्हरुले संविधान संशोधन नगरी बहालवाला प्रधानन्यायधीशलाई प्रधानमन्त्री बनाउन नमिल्ने बताए । पुर्व प्रधान न्यायधीश राम प्रसाद श्रेष्ठले भने, ‘प्रधान न्यायाधीश संसदको सदस्य नभएकाले यही अवस्थामा प्रधानमन्त्री बनाउन संविधानले नै छेकेको छ । छोटो समयका लागि दलहरु संविधानसभा ब्युताएर संविधान संशोधन गर्न सहमत भए भने चाहिं अर्कै कुरा हो ।’[1] त्यस्तै अर्का पुर्व प्रधान न्यायधीश अनुपराज शर्माको भनाई पनि उस्तै रह्यो । उनले भने, ‘अहिलेको संविधानमा मानवअधिकार आयोगवाहेक सरकारको कुनै अंगमा पनि प्रधान न्यायाधीश र सर्वोच्चका न्यायधीश रिटायर्ड भएपछि पनि बस्न पाउने प्रावधान छैन । त्यसो हुनाले संविधान संशोधन गरे मात्रै प्रधानमन्त्रीको रुपमा प्रधान न्यायधीशलाई बाटो खुल्छ ।’[2] यसरी पुर्व प्रधान न्यायधीश लगायतका कानुनविद्हरू एमाओवादीले ल्याएको प्रधान न्यायधीशलाई सरकार प्रमुखको जिम्मेवारी दिने प्रस्तावको विपक्षमा उभिए ।

यता विपक्षी दलहरूले भने एमाओवादीको प्रस्तावप्रति सुरूमा शंका ब्यक्त गरे । सरकारविरूद्ध आन्दोलनरत ९ दलको वैठकले प्रस्ताव निर्वाचनमा जाने उदेश्यले नआएको बरु सत्ता लम्बयाउने उदेश्यले आएको निष्कर्ष निकाल्यो । ‘प्रधानमन्त्री भट्टराईले पटक-पटक गुप्त रुपमा प्रधान न्यायधीशलाई भेटेर सरकारका काम कारवाहीमा सहयोग गर्न आग्रह गरिरहेको सन्दर्भमा यस्तो प्रस्ताव आउनु रणनीतिक रहेको उल्लेख गर्दै नेताहरुले सरकारविरुद्ध विचाराधीन मुद्धालाई प्रभावित पार्दै सत्ता लम्बयाउन खोजिएको बताएका हुन् ।[3]

प्रमुख राजनीतिक दलहरुले एक अर्कालाई आरोप-प्रत्यारोप गरिरहेका वेला राष्ट्रपति रामवरण यादव र प्रमुख तीन दलसहित मधेसी मोर्चाका शीर्ष नेताहरुवीच शीतल निवासमा छलफल भयो । राष्ट्रपति

[1] रामप्रसाद श्रेष्ठ । संविधान संशोधन नगरी मिल्दैन : कानुनविद् । २६ माघ, २०६९ । पृष्ठ १ ।

[2] अनुपराज शर्मा । संविधान संशोधन नगरी मिल्दैन : कानुनविद् । २६ माघ, २०६९ । पृष्ठ १ ।

[3] एमाओवादी प्रस्तावप्रति विपक्षीलाई शंका । कुलचन्द्र न्यौपाने । कान्तिपुर, २६ माघ २०६९ । पृष्ठ ३ ।

यादवले माघ २९ भित्र सहमति गरी जेठभित्र संविधानसभा निर्वाचन गर्ने वातावरण वनाउन मुख्य दलहरुलाई समय दिए । फाल्गुण १ मा राष्ट्रपति रामवरण यादवले जेठभित्र निर्वाचन गर्नेगरी दुई दिनभित्र जसरी पनि सहमति गर्न दलहरुको ध्यानाकर्षण गराए । तर, फागुन ५ मा राष्ट्रपति रामवरण यादवको उपस्थितीमा शीतल निवासमा भएको तीन घण्टा लामो वैठकमा एमाओवादी, नेपाली कांग्रेस, एमाले र मधेशी मोर्चाले प्रधान न्यायशीश रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी सरकार बनाउने सहमति गरे । तर, प्रधान न्यायधीशसँग कुराकानी गरेपछि मात्रै सहमतिलाई सार्वजानिक गर्ने टुंगोमा दलहरु पुगे ।[4] त्यस्तै सरकारको मोडेल, स्वरुप र निर्वाचनसम्बन्धी विषयलाई प्याकेजमा तयार पार्न चार पक्षबाट दुई/दुई जना रहेको कार्यदलसमेत गठन गरियो ।[5]

तर, फागुन ६ गते प्रधान न्यायाधीस खिलराज रेग्मीले भने जिम्मेवारी लिनका लागि आफ्नो सहमति अनुसार मन्त्रिपरिषद गठन र मुख्य दलहरु निर्वाचनका लागि सहमत भएमात्र जिम्मेवारी लिने सर्त अघि सारे । त्यस दिन कार्यदलको बैठक बिहानैदेखि राष्ट्रपति भवनमा बसेपनि शीर्ष नेताहरूको वैठक भने स्थगित गरियो । फागुन ७ मा राजनीतिक दलहरुबीच प्रधानन्यायधीश खिलराज रेग्मीको नेतृत्वमा ११ सदस्यीय अन्तरिम चुनावी मन्त्रपरिषद गठन गर्ने अनौपचारिक सहमति भयो । मन्त्रिपरिषदमा न्याय तथा निजामति सेवामा काम गरेका पूर्व विशिष्ट व्यक्तित्वहरु सहभागी हुने समेत सहमति गरियो । रेग्मीले भने 'सरकारको नेतृत्व गर्न राजनीतिक दलहरूले राखेका सर्त र भाषाप्रति असन्तुष्टी जनाएका छन् ।'[6] त्यसपछि कार्यदलले शक्ति सन्तुलन र शक्ति पृथकीकरणलाई आधार बनाई मस्यौदा परिमार्जन गऱ्यो । र, फाल्गुण १४ मा प्रधानन्यायाधिस रेग्मीले देशमा उत्पन्न संवैधानिक तथा राजनीतिक गतिरोध अन्त्यका लागि चुनावी मन्त्रिपरिषदको नेतृत्व गर्न तयार रहेको जनाउ दिए । मन्त्रिपरिषदको अध्यक्षता गर्ने सम्बन्धमा प्रधान न्यायाधीशको कुनै निजी चाहना वा आकांक्षा रहेको नभइ यो विषय बृहतर राष्ट्रिय हित एवं सरोकारको विषय रहेको पनि विज्ञप्तिमा उल्लेख गरियो ।[7] बारले भने अदालतको त्यस विज्ञप्तीको विरोध गऱ्यो ।[8] प्रधान न्यायधीस रेग्मीको निर्देशनमा सर्वोच्चद्वारा जारी विज्ञप्तिको आधिकारिकता स्पष्ट पार्न आग्रह गर्दै बारले कुन निकायको र को कसको संलग्नतामा, कुन ऐन कानुनको परिधिभित्र रहेर निर्णय गरियो भन्ने कुरा सर्वोच्च अदालतको पूर्ण बैठकबाट सार्वजनिक रुपमा स्पष्ट पार्न पनि माग गऱ्यो । प्रधानन्यायधीसको प्रेस विज्ञप्तिले सर्वोच्चमा विचाराधिन रहेको मुद्धामा प्रतिकुल असर गरेको पनि बारको टिप्पणी रह्यो ।

महिनाको अन्तमा आइपुग्दा प्रधान न्यायधीशले सरकार प्रमुखको जिम्मेवारी सम्हाल्न चासो दिएपनि यो प्रस्तावको छिनोफानो भने हुन सकेन । बरू, एकपछि अर्को विवाद र जटिलता थपिदै गयो । सर्वोच्चमा

---

[4] अन्तत प्रधान न्यायधीश नै । कुलचन्द्र न्यौपाने र गंगा विसी । ६ फागुन २०५९ कान्तिपुर ।पृष्ठ १ ।

[5] कार्यदलमा एमाओवादीवाट कृष्ण बहादुर महरा र खिमलाल देवकोटा, कांग्रेसबाट विमलेन्द्र निधी र मिनेन्द्र रिजाल, एमालेबाट भीम रावल र अग्नि खरेल, मधेशी मोर्चावाट हृदयेश त्रिपाठी र जितेन्द्र देव रहेका छन् ।

[6] सर्त र भाषामा प्रधान न्यायधीश असन्तुष्ट । कान्तिपुर । ९ फागुन २०६९ । पृष्ठ १ ।

[7] सर्वोच्च अदालतले जारी गरेको विज्ञप्ती ।

[8] बारले यस्तो भन्यो । दस्तावेज । कान्तिपुर । १६ फागुन २०६९ । पृष्ठ २

प्रस्तावको विरूद्ध एकपछि अर्को रिट पर्दै गयो भने प्रस्तावमा सहमतिका लागि छलफल गरिरहेका कांग्रेस र एमालेभित्र आन्तरिक विवाद देखियो । सत्ता गठबन्धनमा रहेका साना दलहरुले प्रस्तावप्रति असहमति ब्यक्त गरे भने सुरूदेखी नै प्रस्तावको विपक्षमा रहेका मोहन वैद्य नेतृत्वको माओवादीलगायतका साना दलहरू सडक संघर्षमा नै उत्रिए ।

***रिटमाथि रिट :*** प्रधान न्यायधीशलाई देशको कार्यकारी प्रमुख बनाउने निर्णय अन्तरिम संबिधान बिपरित भएको भन्दै अधिवक्ता भरत जंगमले राष्ट्रपतिको कार्यलय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, प्रधानमन्त्री बाबुराम भट्टराई र एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई बिपक्षी बनाएर फागुन ६ मा रिट दायर गरे । जंगमले न्यायपालिका, कार्यपालिका र ब्यवस्थापिकामा एउटै ब्यक्ति राख्ने दलहरुको निर्णय शक्ति पृथकीकरणको  सिद्धान्त बिपरित हुने भन्दै निर्णय रोक्न अदालतसमक्ष माग गरे । रेग्मीले आफुलाई प्रधानमन्त्री बनाउने प्रक्रियाका विरूद्ध परेको रिटको पहिलो पेसी ८ गते न्यायधीश कल्याण श्रेष्ठको इजलासमा तोकिदिए । तर, श्रेष्ठको इजलासले धेरै मुद्धाका चापका कारण पहिलो पेसीमा त्यो हेर्न सकेन ।

त्यसपछि रिटको दोस्रो पेसी फागुन ११ मा पुगेको थियो । रेग्मीले दोस्रो पेसी न्यायधीश गिरीशचन्द्र लालको इजलासमा तोकिदिए । लालको इजलासमा तोकिएका पेसीमध्ये प्राथमिकताका हिसावले उक्त रिट ३२ औं नम्बरमा परेकाले सुनुवाई हुने पालो नै आएन । त्यही दिन निवेदक जंगमले राष्ट्रिय महत्वको रिट लगातार सारिरहन अनुचित भन्दै फाल्गुण १३ गतेको लागि अग्राधिकार पाउनुपर्ने निवेदन दिए । त्यसपछि फागुन १३ मा न्यायधीश सुशीला कार्कीले एकल इजलासले टुंगो लगाउन नसकिने विषय भन्दै विशेष इजलास (कम्तीमा तीन जना सम्मिलित इजलास) ले गर्ने भन्दै फागुन २४ गतेका लागि सारिदिइन् ।  फागुन १५ मा अधिबक्ता ओमप्रकाश अर्यालले अर्को रिट दायर गरे । तर, अधिवक्ता सुनीलरञ्जन सिंहले अदालतमा चलिरहेको मुद्दालाई प्रभावित गराउने उद्देश्यले प्रेस विज्ञप्ति जारी गरी अदालतको अपहेलना गरेको भन्दै फागुन १६ मा प्रधान न्यायाधीश खिलराज रेग्मीविरुद्ध दिएको अवहेलनासम्बन्धी निवेदन भने सर्वोच्च अदालत प्रशासनले दर्ता नगरी फिर्ता पठाइदियो । यसरी एकपछि अर्को गरी परेको रिटको यस अवधिमा सुनुवाई नै हुन सकेन ।

***दलहरूभित्रै असन्तुष्टी .***प्रधान न्यायधीशलाई चुनावी सरकारको नेतृत्व दिने विषयलाई लिएर एकीकृत माओवादी वाहेकका अन्य दलहरूभित्र असन्तुष्टी र विवाद देखियो । एमाले केन्द्रीय समितिको बैठकले वहालवाला प्रधान न्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्न नसकिने निष्कर्ष निकाल्यो । प्रधान न्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्दा शक्ति पृथकीकरणको सिद्वान्त विपरित हुने एमालेको ठहर रह्यो । प्रधान न्यायाधीशको नेतृत्वमा चुनावी सरकार बनाउने बिषयलाई लिएर एमालेमा विवाद चर्कियो । फागुन ४ को केन्द्रीय कमिटी बैठकमा अधिकांश केन्द्रीय सदस्यले प्रधान न्याधीशलाई सरकार प्रमुख वनाउने नेतृत्वको प्रस्तावको बिरोध गरेपछि बैठक ५ गतेसम्मका लागि स्थगित गरियो । केन्द्रीय सदस्यहरुले प्रधान न्यायाधीशलाई सरकार प्रमुख वनाउँदा कानूनी शासन, संवैधानिक सर्वोच्चता, लोकतन्त्रका मुलभूत मान्यतामा आँच पुग्ने भन्दै विरोध गरेका थिए । केहीले भने वर्तमान सरकार हटाएर चुनावमा जान प्रधान न्यायधीशलाई भएपनि स्वीकार्नुपर्ने प्रस्ताव गरेका थिए । प्रधान न्याधीशलाई प्रधानमन्त्री बनाउने प्रस्ताव विदेशी दवावमा आएको भन्दै केन्द्रीय सदस्यहरुले दलकै नेतृत्वका पक्षमा लबिङ् गर्नसमेत दवाव दिए । पार्टी अध्यक्ष झलनाथ खनाल, उपाध्यक्ष बामदेव गौतमसहितका नेता प्रधान न्याधीशको नेतृत्वमा चुनावी सरकार वनाएर जानुपर्ने पक्षमा रहे पनि महासचिव इश्वर पोखरेलसहित अधिकांश केन्द्रिय सदस्यहरूले त्यसको  बिरोध गरे ।

प्रधान न्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्ने बिषयमा नेपाली कांग्रेसभित्र पनि विवाद देखियो । केन्द्रीय समितिको बैठकमा पार्टी सभापति सुशिल कोइराला, वरिष्ठ नेता शेरवहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलले प्रधान न्यायाधीसको नेतृत्वमा चुनावी सरकार गठन गर्न सकिने धारणा राखेपछि केन्द्रीय सदस्यहरुले त्यसप्रति असहमति जनाए । केन्द्रीय सदस्यहरूले राजनीतिक दल वा स्वतन्त्र ब्यक्तिको नेतृत्वमा चुनावी सरकार गठनको अडान राख्न नेतृत्वलाई सुझाब पनि दिए । यता फाल्गुण ४ मा प्रधान न्यायाधिसलाई प्रधानमन्त्री बनाउने विषयमा सत्ता गठबन्धनभित्रै विवाद देखियो । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको संघीय लोकतान्त्रिक गठबन्धनको बैठकमा गठवन्धनका ११ साना दलहरुले पनि प्रधान न्यायधीशलाई सरकार प्रमुख बनाउने प्रस्तावको विरोध गरे ।

***वैद्यको विरोध :*** प्रधान न्यायधीसलाई सरकार प्रमुख बनाउने प्रमुख तीन दल र मधेसी मोर्चाको तयारी विरुद्ध मोहन बैद्य नेतृत्वको नेकपा माओवादीसहितका चार दलले राजधानीमा जुलुस निकाले । प्रधान न्यायाधीश कार्यपालिका प्रमुख बन्न नसक्ने र त्यसो भए त्यो निर्दलीय हुने भन्दै ती दलहरुले आपत्ति जनाए । प्रधान न्यायाधीशलाई सरकार प्रमुख बनाउनु शक्ति पृथकिकरणको सिद्धान्त बिपरित हुने तर्क गर्दै माओवादी नेताहरूले प्रधान न्यायाधीशलाई सरकार प्रमुख बनाए सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिए । एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको 'संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धन'मा आबद्ध १४ दलले पनि प्रमुख दलको कदम आफूहरुले स्वीकार नगर्ने बताए । संविधानसभामा रहेका ३२ दललाई 'बाइपास' गरेर ३ दल र मधेसी मोर्चामात्रैले गर्ने सहमति मान्य नहुने उनीहरूले बताए । पछि फागुन ८ मा भएको ९ बुँदे सहमति नेकपा माओवादीले राष्ट्रघाती भएको बतायो ।[9] फागुन ८ मा नेकपा माओवादीले नेपाल बन्द गऱ्यो । बैद्य नेतृत्वको माओवादी लगायत विभिन्न ६ वटा पार्टीले प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने प्रक्रिया रोक्न माग गर्दै राष्ट्रपतिलाई ज्ञापन पत्र पनि बुझाए । राष्ट्रपति यादवले प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने प्रस्ताव आफ्नो नरहेको बताए । साना दलका नेताको ज्ञापनपत्र बुझेपछि राष्ट्रपतिले प्रधान न्यायाधीशलाई प्रधानमन्त्री बनाउने प्रस्ताव आफ्नो नभएको प्रष्टयाए ।

निर्वाचन गर्ने छलफल चलिरहेको वेला नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले तीन ठुला दलका नेतालाई गाउँ टेक्न नदिने चेतावनी दिए । 'एकीकृत माओवादी, कांग्रेस र एमाले लगायत दललाई गाउँ टेक्न दिदैनौं । विचार गर्नुहोस्, संविधानसभा चुनावको नौटंकी नरच्नहोस्' जनयुद्धदिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा वैद्यले भने ।[10] यता उपेन्द्र यादव नेतृत्वको संघीय लोकतान्त्रिक मोर्चाले स्वतन्त्र/तटस्थ ब्यक्तिको नेतृत्वमा चुनावी सरकार माग गर्दै आन्दोलन घोषणा गऱ्यो । वहालवाला प्रधान न्यायाधीशलाई न्यायपालिकाको जिम्मेवारीबाट अलग गराएर उनकै नेतृत्वमा चुनावी सरकार बनाए आफुहरुलाई मान्य हुने मोर्चाको धारणा छ ।[11] यसरी प्रधान न्यायधीशको नेतृत्वमा सरकार गठन गर्न प्रमुख दलहरू सहमत भएपनि महिनाको अन्तसम्म आइपुग्दा पनि प्रस्तावले साकार रूप भने लिन सकेन ।

## माओवादी महाधिवेशन र पारदर्शिताको माग

[9] ९ बुँदे सहमति राष्ट्रघाती । दीपेन्द्र विष्ट । कान्तिपुर । ९ फागुन, २०६९ । कार्यदलले तयार पारेको यो सहमतिमा हस्ताक्षर भने भएको थिएन ।

[10] तीन ठुला दललाई गाउँ टेक्न दिन्नौं : वैद्य । कान्तिपुर । २ फागुन, २०६९ ।

[11] यादव नेतृत्वको मोर्चा आन्दोलनमा । २ फागुन २०६९ । कान्तिपुर । पृष्ठ ३ ।

एकीकृत माओवादीले माओविचारधारा हटाएर मार्गनिर्देशक सिद्धान्त माओवाद राख्यो । अध्यक्ष दाहालले सीमा सम्बन्धी विवाद जनमतसंग्रहबाट गर्ने भन्ने वाक्यांश भूलवश परेको भन्दै हटाउने बताए । उनले पहिचानसहितको संघीयतामा सम्झौता नगर्ने र त्यसमा सहमति नभए आन्दोलनमा जाने चेतावनी दिए । उनले शान्ति प्रकृयामा आउनु बाध्यता भएको पनि प्रष्टयाए । युद्धबाटै सत्ता प्राप्त गर्न खोजेपनि सम्भव नदेखिएकाले बाध्यात्मक परिस्थितिका कारण घुमाउरो र जटिल बाटो रोजेको उनको भनाई थियो । माघ २६ मा अध्यक्ष दाहालको नेतृत्वमा ९८ सदस्यीय केन्द्रीय समिति चयन गर्दै सातौं महाधिवेशन समापन गरियो । माओवादीले ५३ जनालाई पछि मनोनयन गरी १ सय ५१ सदस्यीय केन्द्रीय समिति बनाउने निर्णय गर्‍यो । यसरी माओवादीले महाधिवेशनमार्फत शान्तिपुर्ण प्रतिस्पर्धाको राजनीतिलाई आधिकारिक रुपमै अंगाल्यो । सैद्धान्तिक प्रस्थानका दृष्टिले यसलाई एमाओवादी रुपान्तरणको कोसेढुंगा मान्न सकिन्छ ।[12]

महाधिवेशनका क्रममा माघ २३ गते बन्दसत्रमा कार्यकर्ताहरूले भ्रष्टाचारको अभियोगमा छानविन गर्न निलम्बनमा परेका तत्कालीन लडाकूका कमाण्डरहरुलाई प्रतिनिधि बनाएर ल्याएकोमा आपित्त जनाउँदै त्यसको आधार खोजे । कारवाही फुकुवा नगरी कसरी १२ जना पूर्व कमाण्डरहरुलाई प्रतिनिधि बनाइएकोप्रति उनीहरूको आपत्ति थियो । उनीहरुले पार्टीमा भएको आर्थिक अनियमितता छानविन गर्न गठन गरिएका आयोगको प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरे । गत साउनमा काठमाडौंको भृकुटीमण्डपमा भएको विस्तारित बैठकमा सदस्यहरुले हिसावकिताब माग गरेपछि पार्टीभित्रको सम्पति छानविन गर्न अमिक शेरचनको नेतृत्वमा र लडाकूका तत्कालीन शिविरमा भएको अनियमितता छानविन गर्न पोष्टबहादुर बोगटीको नेतृत्वमा दुई वटा छुट्टाछुट्टै आयोग गठन गरिएको थियो ।

## सरकार विरूद्ध आन्दोलन

माघ १९ मा विपक्षीहरुले सरकारविरुद्ध दैलेखबाट आन्दोलन सुरु गरेका थिए । उनीहरुले माओवादी नेतृत्वको सरकारलाई आन्दोलनबाटै हटाई छाडने उद्घोष पनि गरेका थिए । 'राज्यसत्ता कब्जा गर्ने दिन गए । एमाओवादीले लोकतान्त्रिक मुल्य मान्यतालाई अंगाल्न जति ढिला गर्छ उति उसको पतन सुनिश्चित छ । जनताको आन्दोलनले पराजय भोगेको उदाहरण कही कतै छैन' कांग्रेस सभापति सुशील कोइरालाले भनेका थिए । पुर्व प्रधानमन्त्री तथा एमाले नेता माधव कुमार नेपालले सडक आन्दोलनबाटै एकीकृत माओवादीको अधिनायकवादलाई परास्त गर्ने दावी गरे । 'दैलेखी जनतालाई गोली हान्न आदेश दिने प्रधानमन्त्री बावुराम भट्टराईको निरंकुशता धेरै दिन टिक्दैन । हिंसावादी राजनीति जनआन्दोलनबाटै अन्त्य गर्छौं', उनको भनाई थियो ।[13] माघ २० मा विपक्षी दलहरुले क्षेत्रीयस्तरका विरोधसभाहरु आयोजना गरे । माघ २२ मा पनि विपक्षी दलले पोखरा, विराटनगर लगायतका स्थानमा विरोध सभा गर्दै एमाओवादीको हालत राजा ज्ञानेन्द्रको जस्तो बनाइदिने चेतावनी दिए ।[14] तर, पछि दलहरु एकीकृत माओवादीको अधिवेशनपछि आन्दोलन छाडी प्रधान न्यायधीशलाई सरकार प्रमुखको जिम्मेवारी दिने प्रस्तावसँगै वार्तातर्फ केन्द्रित भएका हुन् ।

[12] माओवादीको फेरिएको बाटो । माघ २८, २०६९ । पृष्ठ ६ ।

[13] दुल्लुमा उर्लिए विपक्षी कान्तिपुर २० माघ २०६९ पृष्ठ ३

[14] एमाओवादीलाई ज्ञानेन्द्रको हबिगत बनाउने चेतावनी । प्रेम नेपाली र शिव शर्मा । २३ माघ २०६९ कान्तिपुर पृष्ठ ३ ।